महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

गौमुखी गाउँपालिका, प्युठान

८०५५५५०२३००

गौमुखी गाउँपालिका , प्यूठान

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-१३
च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
गौमुखी गाउँपालिका, प्युठान ,
गौमुखी गाउँपालिका , प्यूठान

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण, आन्तरिक लेखापरीक्षण प्रतिवेदन, एकलकोष खातामा प्रविष्ट शिर्षकगत तथा कारोबारगत भुक्तानीको विश्लेषण समेतका आधारमा तयार गरिएको पाना ६१ (एकसट्ठी ) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षणको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

कृष्ण प्रसाद पौडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार , काठमाण्डौ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
प्युठान, pyuthan.dtco@fcgo.gov.np

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १३९.०४ वर्ग किलोमिटर तथा २५९८० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षण:-** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्धारित गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ग) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(घ) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१७ देखि २०८०।५।२० सम्म रहेको छ ।

**(ङ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(च) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको

उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(छ) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. १४ करोड ९२ लाख २३ हजार तथा आय – व्ययतर्फ रु. ४९ करोड १३ लाख ७२ हजार गरी जम्मा रु. ६४ करोड ५ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(झ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६८००।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | बैठक भत्ता-भरपाई नभएको | ६८०० |
| २ | अवकाश शिक्षकको बढी भुक्तानी | २५४९६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरण परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ आय व्यय विवरण

पालिकाले आर्थिक वर्ष २०७९।८० को आय व्यय विवरण म.ले.प.फा.नं. २७२ अनुसार प्राप्ती भुक्तानीको हिसाव देहायबमोजिम रहेको छ ।

| विवरण | यसवर्ष रू |  | गतवर्ष रू |  |
|---|---|---|---|---|
|  | बजेट | जम्मा | बजेट | जम्मा |
| प्राप्ती (क+ख) | ४३,६४,०२,५९६.३० | ४३,६४,०२,५९६.३० | ४२,९९,४८,९१०.८८ | ४२,९९,४८,९१०.८८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ४३,१८,४९,५८५.८० | ४३,१८,४९,५८५.८० | ४२,७४,८८,०४५.८८ | ४२,७४,८८,०४५.८८ |
| ११००० कर | ८,४३,३९,३०४.९१ | ८,४३,३९,३०४.९१ | ८,७७,७९,५००.३५ | ८,७७,७९,५००.३५ |
| १३००० अनुदान | ३४,१४,१८,२६७.९३ | ३४,१४,१८,२६७.९३ | ३३,४०,६३,५४३.३३ | ३३,४०,६३,५४३.३३ |
| संघीय सरकार | ३०,६३,७७,५१६.९३ | ३०,६३,७७,५१६.९३ | ३०,३८,८४,८४६.३३ | ३०,३८,८४,८४६.३३ |
| प्रदेश सरकार | ३,५०,४०,७५१.०० | ३,५०,४०,७५१.०० | ३,०१,७८,६९७.०० | ३,०१,७८,६९७.०० |
| १४००० अन्य राजस्व | ५९,१३,१२३.९६ | ५९,१३,१२३.९६ | ५५,२५,७३६.२० | ५५,२५,७३६.२० |
| १५००० विविध प्राप्ति | १,७८,८८९.०० | १,७८,८८९.०० | १,१९,२६६.०० | १,१९,२६६.०० |
| ३२००० वित्तीय सम्पत्ति | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ४५,५३,०१०.५० | ४५,५३,०१०.५० | २४,६०,८६५.०० | २४,६०,८६५.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | १३,४४,४४७.५० | १३,४४,४४७.५० | १३,७३,०००.०० | १३,७३,०००.०० |
| धरौटी | ३२,०८,५६३.०० | ३२,०८,५६३.०० | १०,८७,८६५.०० | १०,८७,८६५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ४७,६०,३०,८५४.५९ | ४७,६०,३०,८५४.५९ | ४१,०३,१०,२५४.०३ | ४१,०३,१०,२५४.०३ |
| ग. भुक्तानी | ४७,०६,२९,७६२.५९ | ४७,०६,२९,७६२.५९ | ४०,३३,०२,५५७.०३ | ४०,३३,०२,५५७.०३ |

| | | | | |
|---|---|---|---|---|
| (सञ्चित कोषबाट) | | | | |
| २१००० पारिश्रमिक / सुविधा | १८,६७,८२,४९८.१३ | १८,६७,८२,४९८.१३ | १७,२६,२१,२०५.०३ | १७,२६,२१,२०५.०३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ९,७१,९६,४३४.४६ | ९,७१,९६,४३४.४६ | १०,६०,८३,२३०.०० | १०,६०,८३,२३०.०० |
| २५००० सहायता (Subsidy) | ८,९६,५००.०० | ८,९६,५००.०० | ८,२६,५९९.०० | ८,२६,५९९.०० |
| २६००० अनुदान | १,३४,४२,१०१.०० | १,३४,४२,१०१.०० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ६८,९०,३९०.०० | ६८,९०,३९०.०० | ८५,३०,५७९.०० | ८५,३०,५७९.०० |
| २८००० अन्य खर्च | १८,९२,६००.०० | १८,९२,६००.०० | १३,३४,८१७.०० | १३,३४,८१७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १६,३५,२९,२३९.०० | १६,३५,२९,२३९.०० | ११,३९,०६,१२७.०० | ११,३९,०६,१२७.०० |
| घ. अन्य भूक्तानी | ५४,०१,०९२.०० | ५४,०१,०९२.०० | ४१,०३,१०,२५४.०३ | ४१,०३,१०,२५४.०३ |
| कोषहरु | ४१,८२,८२३.०० | ४१,८२,८२३.०० | ६४,०८,७५७.०० | ६४,०८,७५७.०० |
| धरौटी | १२,१८,२६९.०० | १२,१८,२६९.०० | ५,९८,९४०.०० | ५,९८,९४०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | (३,९६,२८,२५८.२९) | (३,९६,२८,२५८.२९) | १,९६,३८,६५६.८५ | १,९६,३८,६५६.८५ |
| च. गतवर्षको जिम्मेवारी | ५,४९,६९,८६४.६१ | ५,४९,६९,८६४.६१ | ३,५९,७७,१५३.७६ | ३,५९,७७,१५३.७६ |

| | | | | |
|---|---|---|---|---|
| रकम (अ.ल्या) | | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | १,५३,४१,६०६.३२ | १,५३,४१,६०६.३२ | ५,५६,१५,८१०.६१ | ५,५६,१५,८१०.६१ |
| बैंक तथा नगद बाकी | १,५३,४१,६०६.३२ | १,५३,४१,६०६.३२ | ५,४९,६९,८६४.६१ | ५,४९,६९,८६४.६ |

सैद्धान्तिक बेरुजु

२.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १० करोड ७१ लाख ९ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ४ करोड ७ लाख ६ हजार, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रू ४ लाख ४४ हजार र भाषा तथा संस्कृति कार्यक्रमको रु. ९ लाख ६४ हजार समेत गरी रू १४ करोड ९२ लाख २३ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **फरक हिसाब** –यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १०८०६६।५० , यस वर्षको प्राप्ति रु. १५०६४७४३१।३०,यस वर्षको भुक्तानी रु. १५००१६२२६।८० र बैङ्क मौज्दात रु. ५२३१३८।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ५६३१४३१२।११ | ४३५०५८१४८।८० | ४७६०३०८५४।५९ | १५३४१६०६।३२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५६२०६२४५।६१ | ५८५७०५५८०।१० | ६२६०४७०८१।३९ | १५८६४७४४।३२ |
| फरक | १०८०६६।५० | १५०६४७४३१।३० | १५००१६२२६।८० | ५२३१३८।०० |

सैद्धान्तिक बेरुजु

२.५ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ५५६१५८१०।६१ मौज्दात रहेकोमा यो वर्ष रु ५६३१४३१२।११ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ६९८५०१।५० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.६ बैङ्क हिसाब विवरण -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार देखिन्छ । म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैंक मौज्दात बीच हिसाब मिलान गर्नु पर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|
| सञ्चित कोष | १६६१९०५.६१ | १६६१९०५.६१ | ० |
| चालु खाता | २८४३७५१.६८ | २८४३७५१.६८ | ० |
| पूँजीगत खाता | ३०७५५५२.५३ | ३०७५५५२.५३ | ० |
| विविध खर्च खाता | ११९४४७.५ | ११९४४७.५ | ० |
| प्रकोप व्यवस्थापन कोष खाता | १२१९९२८ | १२१९९२८ | ० |
| धरौटी खाता | ६५५००६२ | ६५५००६२ | ० |
| जम्मा | १५५५०६४७.३२ | १५५५०६४७.३२ | ० |

सैद्धान्तिक बेरुजु

३ **बजेट तथा कार्यक्रम**

३.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण,

कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि तोकिएको समयमा कार्यसम्पादन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।०३।१० मा रु. ५२ करोड ९७ लाख ६९ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ **योजना छनौट** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता सुनिश्चित गर्ने प्रकृया तय गरी छनौट गरेको देखिने आधार प्रस्तुत हुन सकेन ।उपलब्ध बजेट वडागत रुपमा विभाजन गरी साना साना योजनामा खर्च गरेको कारण योजनाको सँख्यात्मक वृद्धि हुन गई अनुगमन प्रभावकारीतामा असर परेको छ ।साना योजनामा पुजीगत खर्च भएको कारण

दीर्घकालीन प्रभाव पर्ने योजना निर्माण तथा कार्यान्वय समेत हुनु सकेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ **योजना प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल २७५ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.१० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २७५ | ५२ | ४१ | १८२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित २७५ योजना मध्ये २६१ योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% भन्दा बढी प्रगति** |
| **कार्यक्रम संख्या** | २७५ | १४ | ० | ० | २६१ |

सैद्धान्तिक बेरुजु

३.८ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६ करोड ३५ लाख २९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **राजस्व व्यवस्थापनपर्फ**

४.१ 1.**आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. 8386434।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु. 7341565.05 अर्थात अनुमान भन्दा ८७.५४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६७६४४४२०।५९ | ८३८६४३४।०० | १.७९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.३ **आन्तरिक राजस्व अनुमान तथा असुली:** यो वर्ष गाउँपालिकाले जम्मा रु. ३१६७८२१।– आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु. २७१९४१६।०० आम्दानी गरेकोले लक्ष्यको ९१.६८ प्रतिशत आम्दानी गरेको देखियो । गाउँपालिकाले

आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मात्र सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. १११) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११२), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर/ मालपोत | ५०००००० | ६०६११५ | १२१ |
| घरवहाल कर | ५०००० | १५२१३३ | ३०४ |
| सरकारी सम्पति बहालबाट प्राप्त आम्दानी | ३८०००० | २८३२१३६ | ७४५ |
| अन्य कर | ५००००० | २७६१८१ | ५५ |
| अन्य सेवा शुल्क | ५००००० | १२०९०५ | २४ |
| सिफारिस दस्तुर | ४००००० | ५८५८०० | १४६ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ४५८८४५ | २२९ |
| अन्य प्रशासनिक शुल्क | ५१७८२१ | १२१०४१६ | २३४ |
| नाता प्रमाणित दस्तुर | १५०००० | ४६२०० | ३१ |
| अन्य दस्तुर | ७५०००० | ४००० | १ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४५०००० | २८२०५० | ६३ |
| पर्यटन शुल्क | २००००० | ११२०० | ६ |
| जम्मा | ३१६७८२१ | २७११४१६ | ९२ |

सैद्धान्तिक बेरुजु

४.४ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २८२०५०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मत्र सक्ने अवस्था छन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ खर्च स्थिति

५.१ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र/ उप क्षेत्र | विनियोजन | विनियोजन | खर्च | खर्च प्रतिशत कुल खर्चको तुलनामा | बजेटको तुलनामाखर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१८३८०००. | ३९०२२७२३. | ८.२९ | ९३.२७ |
| २ | सामाजिक विकास | ३०१७४३१००. | २७३८५२२९५. | ५८.१९ | ९०.७६ |
| ३ | पूर्वाधार विकास | ९५७०८२९३. | ७७३९२६६६. | १६.४४ | ८०.८६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५४९२०००. | १३६९५५७१. | २.९१ | ८८.४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७४९८८०००. | ६६६६६५०७. | १४.१७ | ८८.९ |
| कुल जम्मा | | ५२९७६९३९३. | ४७०६२९७६२. | - | ८८.८४ |

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८८.८४ प्रतिशतमात्र खर्च गरेको छ । त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकासमा सबैभन्दा बढी ५८.१९ प्रतिशत र सुशासन तथा अन्तरसंबन्धित क्षेत्रमा सबै भन्दा घटी २.९१ प्रतिशत खर्च गरेको छ । पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | १६३५२९२३९ | ३४६६५०० | १२५६०६८० | १४७५०२०५९ | ८८९७२३५० |
| प्रतिशत | १०० | २.१२ | ७.६८ | ९०.२० | ५४.४१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक खर्च रु. १६३५२९२३९।०० प्रथम चौमासिकमा रु. ३४६६५००। ००(२.१२ प्रतिशत), दोस्रो चौमासिकमा रु. १२५६०६८०।०० (७.६८ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १४७५०२०५९।०० (९०.२० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ८८९७२३५० (५४.४१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ **लागत सहभागिता**— पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.४ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ७५ लाख २४ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु ४२ करोड ४१ लाख ४६ हजार समेत रु ४३ करोड १६ लाख ७० हजार आम्दानी भएकोमा चालु तर्फ रु ३० करोड ७१ लाख र पूँजिगत तर्फ रु १६ करोड ३५ लाख २९ हजार समेत रु ४७ करोड ६ लाख २९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रू ७३ करोड २६ लाख खर्च भएको छ जुन आन्तरिक आयको ९७.३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.२५ प्रतिशत चालु र ३४.७५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ कानुन निर्माण र कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३वटा नियमावली, ६०कार्यविधि तथा ४ वटा निर्देशिका सहित ७८ वटा कानुन निर्माण गरेकोमा सबै ऐन नियम कार्यविधिको पालना गरी कार्यान्वयन गरेको देखिएन । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **न्यायिक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १६ विवाद दर्ता भएकोमा १५ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ आन्तरिक नियन्त्रण प्रणाली

७.१ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सबल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**बजेट व्यवस्थापन तर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तै: बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेता पनी कार्यक्रम सञ्चालन गर्दा सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण खुलाई भ्रमण पश्चात भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख भएको भ्रमण प्रतिवेदन लिने नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिकानमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण

अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) माअद्यावधिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत नगरेको,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ८ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस बर्ष विपन्न नागरिक उपचार सहायतामा रु ५६४०००।०० र विपद् राहत सहायतामा रु १५०२२००।०० गरी कुल रु २०६६२००।०० सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ९ छुट तलव निकासा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ कोनियम ३९ बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तोरकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिलभरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजातभुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गोभौनं २ मिति २०७९।०६।०१ बाट पालिकाले छुट तलव शिर्षकमा रु १२४५१६।६१ निकासा खर्च लेखेकोमा कुन विद्यायलकको, कुन महिनाको तथा कुनकुन शिक्षकको तलव छुट भएको भन्ने विषयमा स्पष्ट प्रमाण पेश नभएकोले छुट पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १,२४,५१६ |
|---|---|

## १० अवकास कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी अवकास कोषमा १० प्रतिशत कट्टा गर्नुपर्नेमा २ प्रतिशतमात्र कट्टा गरी रु ७८९६४.८० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । साथै जम्मा गरेको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी व्यवस्था गरेको देखिएन । पालिकाले कर्मचारी कल्याण कोष सम्वन्धि ऐन निर्माण गरी तोकिए बमोजिम कट्टा गरी कोषको सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ११ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ पालना गरेको देखिएन । योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र बित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पुरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनी पुरा बिबरण नभरेको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न

मिलेन। केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन । पालिकाबाट संचालित सबै पुजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउन विशेष ध्यानाकर्षण गरिएको छ ।

सैद्धान्तिक बेरुजु

१२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ३३ योजना सञ्चालन गरी यस वर्ष १४५ जनालाई औसत ९४.८८ दिनले १३७५८ दिन रोजगारी उपलब्ध गराई रु. ८११७०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले शैक्षिक गुणस्तर विकासका लागि शैक्षिक लग बुक सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ३७९६८०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **स्वकीय सचिव र सल्लाहकार**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँ/नगर प्रमुखको स्वकीय सचिवका रुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री जोगिन्द्र बहादुर मल्ललाई नियुक्त मासिक रु २५०००।०० का दरले कुल रु ३३५०००।०० भुक्तानी भएको नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,३५,००० |

१६ **शिक्षकको तलव भत्ता अनुदानः**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलबभत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाब गर्दा तलव भत्ता नपुग भएमा अनुसूची÷१ बमोजिमको फाराम भरी २०७९ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०७९ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीयतहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई थप अनुदान गत वर्षको मौज्दात रकमबाट उपलब्ध गराएको देखियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई राजस्व बाँडफाँड-सघीय सरकारबाट प्राप्त हुने रकमबाट यस्तो विद्यालयको शिक्षक कर्मचारीको तलबभत्तामा खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खर्च नियमित नदेखिएको रु २१५०४१३७।००

| | |
|---|---|
| अनियमित भएको | २,१५,०४,१३७ |

१७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा

सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मोटरसाइकल २ थान रु. ५७३७८०।०० र एम्बुलेन्स/जिप २ थान रु ५१८५०००।०० गरी कुल रु ५७५८७८०।०० बजेटबाट खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **अनुगमन भत्ता**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जना सम्म खटाउन सकिने व्यवस्था रहेको छ । अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन । पालिकाले वडागत तथा शाखागत रुपमा सञ्चालन गरेको विभिन्न कार्यक्रमहरुको खर्च परीक्षण गर्दा अधिकांश कार्यक्रमहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई निर्देशिकामा व्यवस्था भएको भन्दा बढी संख्यामा अनुगमनकर्ता नियुक्त गरी अनुगमन भत्ता वितरण गरेको देखियो । उक्त अतः पालिकाले निर्देशिकामा भएको व्यवस्था अनुरुप कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारीहरुलाई आवश्यकताको आधारमा मात्र अनुगमनकर्ता नियुक्त गरी निर्देशिका बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **संगठन तथा कर्मचारी व्यवस्थापन**

२०. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, शिक्षा अधिकृत, इन्जीनियर, सब इन्जिनियर असिस्टेन्ट सब इन्जिनियर जनस्वास्थ्य अधिकृत लगायत ५६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२०. **तलवी प्रतिवेदन पारित नगरेकोः** संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८, च.नं. १८० को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबि प्रतिवेदन पारित गरी तलब भत्ता लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगराई रु. ७९ लाख ४० हजार तलब भत्ता खर्च लेखेको छ । अतः कानूनी व्यवस्था बमोजिम तलवी प्रतिवेदन पास गराएर मात्र तलब खर्च लेख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२०. **करार कर्मचारी व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ५७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १३०४९२६०।७८ खर्च लेखेको छ ।
त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना प्रशासन सहायक ५, अनमी ९, अहेव १०, अ.स.ई ७, स.इ १, नाप्रसेप्रा १ नाप्रस्वाप्रा २, हेल्थ असिस्टेन्ट १, समेत ३६ जना दरबन्दी सभाको निर्णयले यस बर्ष तलब भत्ता बापत रु. ८१४३४८०।०० भुक्तानी गरेको छ ।यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८१,४३,४८० |

२१ **अवलोकन भ्रमण**

गाउँपालिका र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिको लागि अध्ययन अवलोकन भ्रमणको लागि यो वर्ष वडा कार्यालय तथा गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरु एवम् नमुना विद्यालय प्रधानअध्यापककहरुले विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अध्ययन अवलोकन भ्रमण गरी रु. ९३१०५०/- खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित नभई धार्मिक र मनोरञ्जनात्मक मात्र देखिएकोले यस्ता भ्रमणलाई कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित बनाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| भौ नं. | भ्रमण विवरण | खर्च रकम |
| --- | --- | --- |
| २०-२०८०।०२।०८ | नमुना विद्यालय अवलोकन भ्रमण | ५०००००। ०० |
| ३२७-२०८०।०२।३२ | अध्ययन अवलोकन भ्रमण | ४३१०५०। ०० |
| | जम्मा | ९३१०५०। ०० |

सैद्धान्तिक बेरुजु

२२ **सेवा प्रवाह विवरण**

२२.**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२.२
**सेवाप्रवाहको स्थिति :**
**यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।**

| विवरण | व्यक्तिगत घटना दर्ता संख्या | सामाजिक सुरक्षा तर्फ |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | - | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | १४०५ | |
| मृत्युदर्ता | २९७ | |
| बसाईसराई दर्ता | १८२ | |
| विवाह दर्ता | ४८८ | |
| सम्बन्धविच्छेद दर्ता | १० | |
| सामाजिक सुरक्षा नँया दर्ता | | ५६९ |
| सामाजिक सुरक्षा नविकरण | | २८८५ |
| सामाजिक सुरक्षा लगत कट्टा | | २२९ |
| जम्मा | २३८२ | ३६८३ |

सैद्धान्तिक बेरुजु

## २३ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम

हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई पालिकाको निर्णयले रु ७१३१००।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गई नियमसंगत नदेखिएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | ७,१३,१०० |

२४ **कर्मचारीलाई सोधभर्ना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुनेगरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी वडागत खर्चहरुको श्रेस्ता परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयू चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका सचिव लगायतका कर्मचारीहरुले सामान खरिदबापतको रकम स्वयंले नै भुक्तानी लिने गरेको पाइयो । साथै भुक्तानी लिने पदाधिकारी तथा कर्मचारीहरुले आपूर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाइएन । अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यक्तिले स्वयं भुक्तानी लिनाले एकतर्फ खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुन पुगेको छ भने अर्को तर्फ ति व्यक्तिहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखिदैन । साथै यसरी खरिद गरेका सामानहरु पालिकाको मूल जिन्सीमा समेत दाखिला नभई सम्बन्धित वडामा मात्र दाखिला हुने गरेको देखियो । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यका लागी पदाधिकारी तथा उपभोक्ता समितिलाई रु.२७८२७१९।०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **नगदी रसिदको व्यवस्थापन**

**नगदी रसिदको व्यवस्थापन :** पालिकाले आम्दानी गर्दा प्रयोग गरिने नगदी रसिद ठेलीको वितरण र वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाणसमेत संलग्न गरी नगदी रसीद कार्यालयले फिर्ता जनाई सिलसिलेवार नम्वर सहित पुन जारी गरी रसिदको अभिलेख राख्नु पर्दछ। चालु वर्षको लागि वितरण गरेको रसिद बाहेक अन्य रसिदबाट आम्दानी गर्दा रसिदको दुरुपयोग हुन सक्ने र संकलित आय संचित कोष दाखिला नहुने जोखिम रहन्छ। तसर्थ रसिद नियन्त्रण खाता व्यवस्थित गरी विगतमा वितरण भई बाँकी रहेका कम्प्युटर रसिदको विवरण लिई बाँकी रसिदको सिलसिलेवार नम्वर उल्लेख गरी पुन वितरण अभिलेख अभिलेख गरी चालु वर्ष जारी भएका रसिद मात्र प्रयोग गर्ने र वर्षान्तमा बाँकी रहेका रसिदहरु फिर्ता अभिलेखाङ्कन गरी पुनः जारी गर्ने व्यवस्था मिलाई सम्पुर्ण आम्दानी दाखिला भएको सुनिश्चत गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **रसिद नियन्त्रण खाता**

**रसिद नियन्त्रण खाता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्छ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिदमध्ये गत विगतका कति रसिद बाँकी थिए, यस वर्ष के कति छपाई गरियो र यो वर्ष वडा कार्यालयहरु, दहत्तर बहत्तरको असुली लगायत गाउँ पालिका कार्यालयले प्रयोग गर्ने गरी कति खर्च भयो, के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ, सो खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यवस्थित अभिलेख नहुँदा आर्थिक वर्षभरी जारी गरीएका सबै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखी सबै रसिदबाट उठेको रकम दाखिला भएको एकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **शिक्षक दरबन्दी र पदपूर्ति**

**शिक्षक दरबन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयकोनाम | शिक्षकदरबन्दी राहात र संघिय अनुदान सहित | पदपूर्ती | पदपूर्तीमध्ये करार | जम्माविद्यार्थी संख्या | विद्यार्थीशिक्षक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | अर्खामा.वि अर्खा गौमुखी –१ अर्खा | ९ | ९ | ० | ८४९ | ९४ |
| २ | खरामा.वि गौमुखी– ३ रजबारा | ९ | ९ | १ | ४६६ | ५२ |
| ३ | महेन्द्रमा.वि गौमुखी –४ पुजा | १० | १० | १ | ३६७ | ३७ |
| ४ | गौमुखीमा.वि गौमुखी – ५ खुङ | २१ | २१ | १० | ७६० | ३६ |
| ५ | भृकुटीमा.वि गौमुखी –६ लिवाङ | १३ | १३ | ० | ५७२ | ४४ |
| ६ | अमृतजीवनमा.वि गौमुखी –७ नारिकोट | ९ | ९ | ० | ५२० | ५८ |
| ७ | ने.रा.आ.विनेटा गौमुखी– ३ रजबारा | ५ | ५ | ० | १४६ | २९ |
| ८ | ज्ञानोदयआ.वि गौमुखी– ३ रजबारा. | ७ | ७ | ० | ३७४ | ५३ |
| ९ | जनज्योतीआ.वि.गौमुखी –४ पुजा | ५ | ५ | ० | १९१ | ३८ |
| १० | बालजीवनसुधार आ.वि गौमुखी –४ पुजा | ५ | ५ | ० | १९० | ३८ |
| ११ | जनजीवनआ.वि गौमुखी –४ पुजा | ३ | ३ | १ | २०१ | ६७ |
| १२ | जनसहयोगीमा.वि गौमुखी –५ खुङ | ६ | ६ | १ | २२८ | ३८ |
| १३ | ने.रा.आ.विङ्तिचौर | ४ | ४ | २ | १८७ | ४७ |
| १४ | बालसुधारआ.वि गौमुखी –७ नारिकोट | ४ | ४ | ० | २४६ | ६२ |
| १५ | बालसुधारप्रा.वि गौमुखी | ३ | ३ | ० | १३८ | ४६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | –१ अर्खा | | | | | |
| १६ | गौमुखीआ.वि गौमुखी – १ अर्खा | ३ | ३ | २ | २४२ | ८१ |
| १७ | महेन्द्रआ.वि गौमुखी–१ अर्खा | ४ | ४ | ० | ३४० | ८५ |
| १८ | बेसिवनबालज्योतीप्रा.वि गौमुखी –१ अर्खा | १ | १ | ० | २२८ | २२८ |
| १९ | बाइसमुलप्रा.वि गौमुखी –१ अर्खा | ० | ० | १ | ४३ | ४३ |
| २० | सरस्वतीप्रा.वि गौमुखी १ अर्खा | ३ | ३ | ० | ५५ | १८ |
| २१ | बसन्तप्रा.वि गौमुखी –१ अर्खा | ० | ० | १ | २३ | २३ |
| २२ | रातामाटाप्रा.वि गौमुखी –१ अर्खा | ० | ० | १ | ४३ | ४३ |
| २३ | सप्तपत्रीप्रा.वि गौमुखी – १अर्खा | ० | ० | १ | ६७ | ६७ |
| २४ | देउरालीसुन्दर प्रा.वि गौमुखी –३ रजबारा | ३ | ३ | ० | १२८ | ४३ |
| २५ | जीवनसुधारप्रा.वि गौमुखी –३ रजबारा | ३ | ३ | ० | १६५ | ५५ |
| २६ | दिपेन्द्रप्रा.वि गौमुखी –३ रजबारा | ३ | ३ | ० | १२५ | ४२ |
| २७ | लालीगुँरासप्रा.वि गौमुखी –३ रजबारा | १ | १ | ० | १४३ | १४३ |
| २८ | जनकल्याणप्रा.वि गौमुखी – रजबारा | २ | २ | २ | ५० | २५ |
| २९ | तिखाचुलीप्रा.वि गौमुखी –३ रजबारा | २ | २ | २ | ६२ | ३१ |
| ३० | शिशुकल्याणप्रा.वि गौमुखी –४ गाँडापानीचौर | १ | १ | ० | ६१ | ६१ |
| ३१ | शिशुकल्याणप्रा.वि | ३ | ३ | ० | १०६ | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गौमुखी –४ गँडेचौर पुजा | | | | | |
| ३२ | बालज्योतीप्रा.वि गौमुखी –४पुजा | २ | २ | ० | ७४ | ३७ |
| ३३ | जनपुष्पप्रा.वि गौमुखी –४ पुजा | ३ | ३ | ० | ६७ | २२ |
| ३४ | ने.रा.प्रा.विगौमुखी –४ पुजा जाडागाउँ | ३ | ३ | ० | ५५ | १८ |
| ३५ | जनताप्रा.वि गौमुखी –५ खुङ | ३ | ३ | ० | ६८ | २३ |
| ३६ | पुर्णप्रा.वि गौमुखी –५ खुङ | २ | २ | ० | ८४ | ४२ |
| ३७ | शिशुप्रा.वि गौमुखी –५ खुङ | २ | २ | ० | १२८ | ६४ |
| ३८ | गृहप्रा.वि गौमुखी –५ खुङ | ० | ० | १ | २४ | २४ |
| ३९ | भानुप्रा.वि गौमुखी–५ खुङ | ३ | ३ | १ | १०४ | ३५ |
| ४० | बालकल्याणप्रा.वि गौमुखी –६ लिबाङ | २ | २ | १ | ४६ | २३ |
| ४१ | जनचेतनाप्रा.वि गौमुखी –६ लिबाङ | १ | १ | ० | ६१ | ६१ |
| ४२ | लालीगुँरासप्रा.वि गौमुखी –६ लिबाङ | १ | १ | ० | ३४ | ३४ |
| ४३ | भुमेकास्थानआ.वि गौमुखी –७ नारिकोट | ४ | ४ | ० | १८६ | ४७ |
| ४४ | लोकतान्त्रिकप्रा.वि गौमुखी –७ नारिकोट | २ | २ | ० | ८९ | ४५ |
| ४५ | दोसाँधप्रा.वि गौमुखी –७ नारिकोट | ४ | ४ | ० | ८१ | २० |
| | जम्मा | १७० | १७० | २४ | ८४१७ | ५० |

शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६ अनुसार दरबन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरबन्दी मिलान हुन नसकेका विद्यालयमा मात्र थप शिक्षक दरबन्दी स्वीकृत गर्नुपर्नेमा पालिकाले १० विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ३० भन्दा कम (११ देखि ३० शिक्षक विद्यार्थी अनुपात) र ११ विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ६० भन्दा बढी देखिन्छ । पालिकाले कम शिक्षक विद्यार्थी अनुपात भएको विद्यालयबाट बढी शिक्षक विद्यार्थी अनुपात भएको विद्यालयमा दरबन्दी मिलान र व्यवस्थापन नगरी निजी स्रोतबाट यसवर्ष शिक्षकको तलब भत्ता O&M नगरी अनुदान दिएको छ । दरवन्दी मिलान तथा व्यवस्थापन र O&M गरी अनुदान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २९ कार्य सम्पन्न पश्चात बिमा गरेको

ठेक्का नं १० -२०७९।८० को निर्माण कार्यको PS आईटमको बीमा बापतको रु ५००००।०० भुक्तानी गरेकोमा नेको इन्स्योरेन्स लि को इ.सं. २०२३।०६।१९ अर्थात २०८०।३।४ को बीमालेख अनुसार २०२३।०४।२० देखि २०२३।०६। ३० सम्म अर्थात २०८०।१।७ देखी २०८०।३।१५ सम्म निर्माण अवधि र १२ महिना थप maintence period सम्मको ठेक्का रकम र तेस्रो पक्षको बीमांक रु ३१६०८४८ को बीमाशुल्क रु ४३०६२ देखिन्छ । उक्त बीमा शुल्कको कर विजक पेश नहुनुका साथै कार्यसम्पन्न पश्चातको बीमालेख तयार मिति देखिएकोले उक्त बीमा वापतको रकम असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५०,००० |
|---|---|

## ३० दर बिश्लेषण र कार्यमुल्यांकन

बाइसमुलमा पर्यटकिय पुर्वाधार निर्माण कार्यका लागी लागत अनुमान, उपभोक्ताको बिल, अन्तिम नापीको बिस्तृत बिबरण तथा कार्य सम्पन्न प्रतिबेदनमा समेत कडा, नरम सबै किसिमको माटो खन्ने कार्यको मेशिनको दर प्रति घन मिटर रु ११५० उल्लेख गरेकोमा दर बिश्लेषण अनुसार उक्त दर नरम चट्टान २० प्रतिशत र कडा चट्टान ८० प्रतिशतको औषत दर देखिन्छ। कार्यालयले यस सम्बन्धमा कपि पेष्ट गर्दा कडा र नरम चट्टान हुनुपर्नेमा नरम र कडा माटो हुन गएको जवाफ दिएको छ। उपभोक्ता समितिलाइ प्राबिधिकमुल्यांकन कुल रु २१२०६५५ गरी रु १९१७१२८ भुक्तानी गरेकोमा खन्ने कार्य १३०९ घनमिटरको रु १५०५६३५ रहेकोले दर बिस्लेषण अनुसार नरम माटोको प्रति घ.मि. रु ८९।५२ र कडा माटोको र १२४। २४ को औषत दर रु १०६।८८ ले १३०९ घ.मि.को रु १३९९०५ मात्र मुल्यांकन हुनुपर्नेमा बढि मुल्यांकन गरेको रु १३६५७३० को उपभोक्ताको लागत सहभागिताको अनुपातिक हिसावले बढि भुक्तानी रु १२३४६५५ सम्बन्धमा कार्यालयले स्थलगतरुपमा निरिक्षण मुल्यांकन गरी असुल तथा नियमित गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १२,३४,६५५ |
|---|---|

## ३१ उपभोक्ता समितिलाइ मुल्य अभिबृद्धि कर

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिबाट हुने कार्यमा निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, रड, साल काठ ,जस्ता पाता र ईट्टामा मूल्य अभिवृद्धि कर जोडी लागत अनुमान तयार गरी सोही वमोजिम संझौता गरेकोमा कार्यमूल्यांकन पश्चात मूल्यांकन भएको परिमाणमा खपत भएको निर्माण सामाग्रीमा समावेश भएको मूल्य अभिवृद्धि कर भन्दा घटी रकमको मूल्य अभिवृद्धि कर तिरेको कर विजक पेश हुँदा समेत मूल्यांकन अनुसारको पुरै रकम

भुक्तानी दिएको देखिएकोले उपभोक्ताले वास्तविक तिरेको भन्दा बढी मुल्य अभिबृद्धि कर रकम असुल गर्नु पर्ने रु बिस्तृत बिबरण अनुसुचीमा ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८६,८५४ |

## ३२ विद्यालय भौतिक पुर्वाधार र कार्य सम्पन्न

निर्माण अवधि र कार्यसम्पन्न प्रतिवेदनः कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूची÷८ मा दिइएको ढाँचामा विद्यालयबाट निर्माण समयतालिका अनुसार विद्यालयहरुले आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कार्य सम्पन्न गरी सो को जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाईलाई दिनुपर्ने व्यवस्था छ । भवन निर्माण सम्पन्न गर्न विद्यालयहरुले असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एक प्रति सम्वन्धित विद्यालयमा राख्नुपर्ने व्यवस्था छ । त्यस्तै गरी स्थानीय तहले कार्यान्वयन पुसतिकाको अनुसूची÷६ बमोजिम विद्यालयमा भए गरेको निर्माण कार्यको कागजातहरु (भौतिक सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता मुल्याङ्कन प्रतिवेदन, नापी किताव तथा कार्य सम्मन्न प्रतिवेदन) २।२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्वन्धित साइट इन्चार्ज, विद्यालयको प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमूखको दस्तखत गरी गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाउनु पर्ने र सो निर्माणकार्यको लेखापरीक्षण विद्यालयले आफ्नै स्रोतबाट गराउनु पर्ने भएकोले उक्त कागजातहरुको सक्कलै प्रति विद्यालयमा राखी विद्यालयले लेखा राखे नराखको, नापी किताव तयार गरे नगरेको, लेखापरीक्षण गराए नगराएको सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरी त्रैमासिक तथा वार्षिक प्रतिवेदन लिने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीयतहले यस वर्ष सशर्त तर्फका सबै भौतिक पूर्वाधारका कार्य उपभोक्ता समितिबाट गराई कार्यसम्पन्न पश्चात सक्कलै विल भरपाई लिई प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियरको दस्तखतमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी राखेको देखियो ।यसरी विद्यालयको अनुदान रकम कार्यान्वयन पुस्तिकाले तोकेको विधि अनुसार सम्पन्न गराई विद्यालयको जिम्मेवार पदाधिकारीको दस्तखत सहितको कार्यसम्मन्न प्रतिवेदन तयार गरी उक्त सम्पत्ति विद्यालयको जिन्सी खातामा अभिलेखीकरण गर्नुपर्नेमा पालिकाको योजना जस्तो पालिकाबाट सम्पन्न गराएको नियमित देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ३३ नापी किताव

प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ

सैद्धान्तिक बेरुजु

३४ **प्राबिधिक कार्य मुल्यांकन** (१४-२०८०-३-३):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय शसर्त कार्यक्रम अन्तरगत नविकरणीय उर्जा प्रविधि जडान सौर्य उर्जा कार्यक्रमबाट शहरको विभिन्न ठाँउमा सडक सौर्य बत्तीको जडान बापत अनुप अर्डर एण्ड सप्लायर्सबाट निम्नानुसारका सामान खरिद विल संलग्न गरी रु ७९५९९५।०० भुक्तानी गरेको छ । खरिद गरिएको निर्माण सामाग्रीको ज्याला सहितको कार्य मुल्यांकन तथा उपयोग स्थितिको प्रमाण पेश हुनुपर्ने रु

| क्र.स. | विवरण | इकाई |
|---|---|---|
| १ | ८ मिटर पोल | ७ |
| २ | चार्ज कन्ट्रोल १५ एम्पियर | ७ |
| ३ | सौर्य मोड्युल २०० वाट | ७ |
| ४ | ८२ एएच Li-Pou ब्याट्री | ७ |
| ५ | फ्रेम आल्मोनियम | ७ |
| ६ | सडक बत्ती ४० वाट | ७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९५,९९५ |

३५ **आन्तरीक लेखापरीक्षण प्रतिबेदन कार्यान्चयन अबस्था**

३५.१आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरिक्षण प्रतिबेदनमा औल्याएको कैफियत अन्तिम लेखापरिक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने भए नियमित गराइ बेरुजु फछ्यौट गर्नु गराउनुपर्ने ब्यबस्था भएकोमा पालिकाले अन्तिम लेखापरिक्षण अवधि सम्मपनि निम्नानुसारका बेरुजु फछ्यौट गरेको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५.१(१-२०८०-३-२२):

मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने बस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा मू.अ कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरीदिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले संस्थागत तथा मानव संसाधन क्षमता विकास योजना तर्जुमा गरे वापत अलाना इन्टरनेशनल सर्भिसेस प्रा.लि काठमाडौंलाई भ्याट समेत रु.४४४०९०- भुक्तानी गरेकोमा मुल्य अभिबृद्धि कर १३% को ३०% ले हुने रकम रु.१५३२७ कट्टि नगरेकोले भुक्तानी भएको मु अ कर रु ५१०९० को कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ५१,०९० |
|---|---|

३५. सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११२ बमोजिम सम्झौतामा अन्य व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंया भन्दा माथिको निर्माण कार्यको निर्माण व्यवसायीले बिम गराउनु पर्ने व्यवस्था रहेको छ पालिकाको १५ सेया अस्पताल भवन निर्माण कार्यको लिा महादेव/खिम्ति/आँसु मब्बरानी जे.भी सँग मिति २०८१।०१।१५ गते भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।०१।१५ गते रु.१९०५९९९४३।७२ (भ्याट समेत) मा सम्झौता भएको SC को GCC 19.1 अनुसार Work, Plant and Material को ठेक्का रकमको ११५% ले हुन आउने रकम रु.२१९९८९९३५१- को बीमा हुनुपर्नेमा नभएको, Third Party Insurance, Personal Injury or Death Insurance समेत भएको नदेखिएकोले सम्झौता बमोजिम बीमा गराएर मात्र निर्माण कार्य अगाडी बढाउनुपर्नेमा सो अनुसार भएको नदेखिएकोले जोखिम बहनको लागि अनिवार्य बीमा हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **पारीबारिक लगत र कार्य सम्पन्न** (३०३-२०८०-३-२४):

खरको छानामुक्त गाउँपालिका घोषणा कार्यक्रमः सार्बजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम (७ ) सँग सम्बन्धित अनुसुचि÷१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा श्रमिकहरुको खर्च, निर्माण सामग्रीको खर्च र यान्त्रिक उपकरणको भाडा जोडि निकाल्नुपर्ने ब्यबस्था छ। खरको छानामुक्त गाउँपालिका घोषणा कार्यक्रम अन्तरगत यस बर्ष ५७ जनालाई जस्तापाता खरिद गरेको बिल र कार्यसम्पन्न प्रमाणको आधारमा रु २८०९६८० भुक्तानी गरेको छ । पालिकाले बिगत बर्षमा समेत खरको छाना भएका परिबारलाइ जस्तापाता बितरण गरेकोमा पहिले बितरण गरेको र खरको छाना भएका बाकी परिबार संख्याको एकिकृत लगत नराखेको कारण हाल सम्म बितरण गरेको र बितरण गर्न बाँकी अभिलेखसंग भिडान गर्न सकिएन।यस्तो बितरणमुखि कार्यको बास्तबिक लगत तयारगरी लगतको आधारमा निर्माण सामाग्री र ज्याला सहितको लागत अनुमान र कार्य समपन्न प्रतिबेदनको आधारमा दोहोरो नपर्ने गरी गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । यस बर्ष फर्निचर फिक्सचर्समा रु २५१५००० र मसलन्द कार्यालय सामाग्रीमा रु ३४१३८०८ पुर्वाधारमा रु ४०७७८९० गरी रु १०००६६९० एउटै सप्लायर्सबाट पटक पटक समेत खरिद गरेको देखियो। सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ । सोझै खरिद गरेको उदारण निम्न छन।



https://nams.oag.gov.np

| गो भौ न | बिबरण | सप्लायर्स | भुक्तानी |
|---|---|---|---|
| १६÷२०७९।८।१६ | फर्निचर तथा फिक्चर्स | राज अर्डर एण्ड सप्लार्यस | ९७६१४४ |
| १८÷२०७९।८।१६ | फर्निचर तथा फिक्चर्स | राज डेकोर होम | ८८९११७ |
| २३५÷२०८०।३।१९ | फर्निचर तथा फिक्चर्स | राज डेकोर होम | १३३३४० |
| २१७÷२०८०।३।१७ | फर्निचर तथा फिक्चर्स | डिला अर्डर एण्ड सप्लायर्स | ४६८३६२ |
| २३६÷२०८०।३।१९ | फर्निचर तथा फिक्चर्स | डिला अर्डर एण्ड सप्लायर्स | ४६६३८ |
| ४१४÷२०८०।३।१७ | मसलन्द तथा कार्यालय सामाग्री | अरुण अर्डर एण्ड सप्लायर्स | ६६९४५० |
| ४१८÷२०८०।३।१८ | मसलन्द तथा कार्यालय सामाग्री | ए.टु.जेड सप्लायर्स समेत ३ | ३२८७५८ |
| ४२५÷२०८०।३।१९ | मसलन्द तथा कार्यालय सामाग्री | हाइनिक्स अर्डर एण्ड सप्लायर्स समेत ३ | १०३१७९ |
| ४४२÷२०८०।३।१९ | मसलन्द तथा कार्यालय सामाग्री | मल्टिटेक सप्लायर्स समेत ३ | १६४२७५ |
| ५९÷२०७९।८।१६ | मसलन्द तथा कार्यालय सामाग्री | ए.टु.जेड सप्लायर्स समेत ३ | ३२८२३६ |
| ६०÷२०७९।८।१६ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू प्यूठान अर्डर एण्ड सप्लायर्स | ६४१८४० |
| ५७÷२०७९।८।१६ | मसलन्द तथा कार्यालय सामाग्री | राशी इलेक्टोनिक्स | १३८७६४ |
| ३३४÷२०८०।२।३२ | मसलन्द तथा कार्यालय सामाग्री | ए.टु.जेड सप्लायर्स समेत २ | १९७६९८ |
| ५÷२०७९।६।३१ | सभाहल व्यबस्थापन निर्माण | आशिका निर्माण सेवा | ९५६६५१ |
| २९४÷२०८०।३।२४ | गौमुखि मा.बि.भवन तथा फिल्ड निर्माण | मन्नरानी कन्ट्रक्सन प्रा.ली. | ७५६५६० |
| ४५÷२०८०।३।२४ | बर्थिड सेन्टर भवन निर्माण | एस जि कन्ट्रक्सन | ९९५८९७ |

सैद्धान्तिक बेरुजु

### ३८ बिद्यालयको जिन्सी ब्यबस्थापन

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको बिबरण र मुल्य समेत खुलाइ सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अध्यावधिक

गर्नु गराउनु पर्ने ब्यबस्था छ। निम्नानुसारका बिद्यालयमा जिन्सि सामाग्री खरिदको बिल संलग्न गरी रु ३६१७५७२ भुक्तानी गरेकोमा जिन्सि दाखिला प्रतिबेदनमा जिन्सिको स्पेशिफिकेशन ,दाखिला नम्बर ,जिन्सि पाना नम्बर जस्ता कुराहरु नखुलाइ,पेश गरेको देखियो । खरिद गरिएका सामाग्री शिक्षा नियमावली २०५९(संशोधन सहित) अनुसुचि फाराम नं ७ अनुसार बिद्यालयको खप्ने जिन्सी खातामा दाखिला गरी फाराम नं १० सम्पत्तिको बार्षिक प्रतिबेदनमा समाबेश भएको प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.मिति | विद्यालयको नाम | जिन्सी सामाग्री | इकाइ परिमाण थान | रकम |
|---|---|---|---|---|
| १६९÷२०८०।३।७ गापा पुजिगतः | अर्खा मा. वि. अर्खा | टेबुल साधारण घर्रावाला | ४ | २२५००० |
| | | काठको डि मोडल टेबुल | २ | |
| | | दराज स्टिल ८ कोठे | ४ | |
| | | स्टिल दराज | १ | |
| | | घुम्ने कुर्चि | २ | |
| | | पुस्तक र्याक | १ | |
| २२७÷२०८०।३।१८गापा पुजिगतः | रातमाटा प्रा. वि. अर्खा | डेस्क बेन्च | ७ | ९९७२२ |
| | | काठको डि मोडल टेबुल | १ | |
| | | टेबुल घर्रावाला | १ | |
| | | दराज | १ | |
| २७४÷२०८०।३।२१गापा पुजिगतः | अर्खा मा. वि. अर्खा | अफिस टेबल डि मोडल | १ | १००००० |
| | | टिचर र्याक | १ | |
| | | घर्रा टेबल | १ | |
| | | बुक र्याक | १ | |
| ५÷२०७९।२।९ | नेपाल राष्ट्रीय आ.बि. | एल एम एस सफ्टवयर | १ | ६४९०३२ |
| | | ए .भि. आर. सिष्टम | १ | |
| | | अल इन ओन कम्प्युटर सेट | १ | |
| | | मल्टिफङसन प्रिन्टर | १ | |
| | | ट्रोली स्टयान्ड विथ ल्यान्डिङ | १ | |
| २७÷२०८०।३।२१ | बालजिवन सुधार आ.बि. | ट्रोली स्टयान्ड | १ | ६४७००० |
